बैठक संख्या : १८ स्थान : राप्ती न.पा.वडा नं. ७ कार्यालयको (सभाहल)

मिती : २०७४।१०।१० गते समय : साँझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

## बैठक संख्या १८

**प्रस्तावहरु :** **मिती २०७४।१०।१०**

१. शिक्षा विधेयक सम्बन्धमा ।
२. सहकारी विधेयक सम्बन्धमा ।
३. कृषि सम्बन्धी विधेयक सम्बन्धमा ।
४. सडक बोर्डको योजना सम्बन्धमा ।
५. सम्मपुरक कोषको लागि रकम व्यवस्था गर्ने सम्बन्धमा ।
६. प्राविधिक कर्मचारी व्यवस्था गर्ने सम्बन्धमा ।
७. स्वास्थ्य केन्द्रमा रहेका करारका कर्मचारी सम्बन्धमा ।
८. फुटकर खुद्रे तथा कार्य सञ्चालन सम्बन्धी विषय सम्बन्धमा ।
९. विविध

**निर्णय १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने गरी शिक्षा सम्बन्धि ऐन बनाउन आवश्यक रहेको र ऐनको नमुना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा कार्यपालिकाको १७ औ बैठकबाट गठित कानुन मस्यौदा समितिले विभिन्न सरोकारवालाहरुसँग छलफल गरी आवश्यक परिमार्जन भई आएको प्राप्त राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४ को मस्यौदालाई विधेयकको रुपमा नगर सभाको बैठकमा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने गरी सहकारी सम्बन्धि ऐन बनाउन आवश्यक रहेको र ऐनको नमुना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा कार्यपालिकाको १७ औ बैठकबाट गठित कानुन मस्यौदा समितिले विभिन्न सरोकारवालाहरुसँग छलफल गरी आवश्यक परिमार्जन भई आएको प्राप्त राप्ती नगरपालिकाको सहकारी ऐन २०७४ को मस्यौदालाई विधेयकको रुपमा नगर सभाको बैठकमा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम राप्ती नगरपालिका भित्र लागु हुने गरी कृषि सम्बन्धि ऐन बनाउन आवश्यक रहेको र ऐनको नमुना संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वेभ साइट मार्फत पठाएको हुँदा सो नमुना समेतको आधारमा कार्यपालिकाको १७ औ बैठकबाट गठित कानुन मस्यौदा समितिले विभिन्न सरोकारवालाहरुसँग छलफल गरी आवश्यक परिमार्जन भई आएको प्राप्त राप्ती नगरपालिकाको राप्ती नगरपालिकाको २०७४ को मस्यौदालाई विधेयकको रुपमा नगर सभाको बैठकमा स्वीकृतिको लागि प्रस्ताव पेश गर्ने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सडक बोर्ड नेपालको प.स. २०७४/०७५ च.नं. ३८५ मिति २०७४।६।२३ को पत्रबाट स्थायी सडक मर्मत संम्भारको लागि ब.उ.सि.नं. ३३७१६५३ अन्तर्गत यस नगरपालिकालाई रु २५०००००। ( पच्चीस लाख मात्र) स्वीकृत भएको पत्र बारे जानकारी भयो । सो कार्यक्रम संचालनको लागि आवश्यक ३०% रकम नगरपालिकाबाट सम्पूरक कोष राखि देहाय बमोजिम योजना संचालन गर्ने निर्णय गरियो ।

| सि. नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | सडक वोर्ड | नगरपालिका | उपभोक्ता | |
| | | | | | | |
| | | | | | | |

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रथम नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत हुदा लागत सहभागिता जनाउने गरी कुनै बजेट विनियोजन भएको छैन । तर कुनै कार्यालय/निकायबाट प्राप्त हुने योजना तथा कार्यक्रम सम्पूरक म्याचिङ फण्ड राख्नुपर्ने हुन्छ अत चालु आ.व. मा उनै योजना तथा कार्यक्रम सञ्चालन गर्नको लागि लागत सहभागिता जनाउनु पर्ने कार्य विषयगत कार्यालयको शीर्षकबाट रु ३०००००। (तिस लाख) विनियोजन गर्न नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाबाट चालु आ.व. मा सञ्चालन गर्नुपर्ने योजना संख्या करिब ७०० पुगेको छ । प्राविधिक कर्मचारीको संख्या ४ जना मात्र रहेको छ । योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न प्राविधिक जनशक्ति नै आवश्यक हुन्छ । योजना संख्या र कार्यक्षेत्र समेतलाई मध्येनगर गर्दा प्राविधिक जनशक्तिको आवश्यक छ । अत : संघीय सरकारबाट यस सम्बन्धमा थप निर्देशन आएका सोही बमोजिम हुने गरी हाललाई १ जना इन्जिनियर र १ जना सव इन्जिनियरको व्यवस्था गर्ने सभा समक्ष प्रस्ताव लैजाने निर्णय गरियो ।

**निर्णय नं. ७**

**प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिका भित्र संचालित विभिन्न स्वास्थ्य केन्द्रमा करारमा कार्यरत कर्मचारीको व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।**

**क. स्वास्थ्य तर्फ सशर्त अनुदानमा विनियोजन भएको बजेट अनुसार ४ जना कार्यालय सहयोगी करारमा लिन सकिने भएकोले प्रकाशित विज्ञापन अनुसार लिइएको अन्तरवार्ताको नतिजा प्रकाशन गरी करार गरी काममा लगाउने ।**

**ख) प्रसुती सेवा समेत सञ्चालन गर्ने कार्यको लागि खटिएका अनमी कर्मचारी ४ जनाको साविकमा भएको करार बमोजिम मिती २०७४ माघ १ गते देखी करार गर्ने सम्बन्धमा कार्य प्रक्रिया अघि बढाउन विनियोजित बजेट अध्ययन गर्दा मिति २०७४ आषाढ सम्मको लागि करिब रु ३३००००। नपुग हुने भएको व्यहोराको जानकारी लिइयो । निम्न कार्यरत अनमीहरु नराख्दा जन स्वास्थ्यसँग सम्बन्धित सेवामा प्रतिकुल असर पर्ने देखिएकोले उक्त नपुग दायित्व नगरपालिकाबाट व्यवस्था गरी मिति २०७४ आषाढ मसान्त सम्म करार गर्ने ।**

**ग) राप्ती नगरपालिका-१० खहरे सामुदायिक केन्द्र स्वास्थ्यमा कार्यरत निम्न ३ जना कर्मचारीको लागि सशर्त अनुदान तर्फ भएको व्यवस्थाबाट साविकमा खाईपाई आएको रकम अनुसार भुक्तानी गर्न करिव रु १५५०००। नपुग हबुने भएको छ । सो स्थानमा कार्यरत कर्मचारलिार्य हटाउदा स्वास्थ्य केन्द्र नै बन्द गर्नुपर्ने अवस्था हुन आउने भएकोले उक्त नपुग रकम नगरपालिकाबाट थप व्यवस्था गरी करार समाप्त मिति २०७५ आषाढ मसान्त सम्म करार गरी साविक बमाजिम काममा लगाउने ।**

1. **अ हे व श्री निलिमा गौतम**
2. **श्री**
3. **श्री**

**निर्णय नं. ८ माथि छलफल गर्दा नगरपालिकामा रहेको मौज्दात बजेटबाट बाढी नियन्त्रण, जन जिविकासँग प्रत्यक्ष सरोकार राख्ने खालका योजना**

**निर्णय नं. ९**

**प्रस्ताव नं. ९ सम्बन्धमा छलफल गर्दा ......**